# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाण्डौ

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०७४/०३/२८)

यस आयोगमा आ.व. २०७४/०७५ को लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क बमोजिम मौजुदा सूची अध्यावधिक गर्नुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ता फर्म/कम्पनी/सँस्थाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८(१) बमोजिम तोकिएको ढाँचामा यस आयोगको सामान्य प्रशासन शाखामा आवश्यक कागजात सहित आफूले उपलब्ध गराउने सामान/सेवाको विवरण समेत खोली छुट्टा-छुट्टै निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

क) **सामान आपूर्ति तर्फ**

१. मसलन्द र कार्यालय सामानहरु
२. छपाइ सम्बन्धी कार्य
३. फर्निचर, फिक्सचर्स तथा फर्निसिङ्ग
४. विद्युतीय सामग्रीहरु
५. मिनरल वाटर (शुद्ध पिउने पानी जार र बोतलमा)
६. विभिन्न ब्राण्डका हलुवा तथा भारी सवारी साधनहरुको स्पेयर पार्टस्
७. फोटोकपि, प्रिन्टर, कम्प्युटर, फ्याक्स तथा अन्य इलेक्ट्रोनिक मेशिन तथा पार्टपूर्जाहरु
८. स्यानिटरी तथा प्लम्बिङ्ग सामानहरु
९. सरसफाई सम्बन्धी सामानहरु

ख) **सेवा आपूर्ति तर्फ**

१. इन्टरनेट सेवा
२. फोटोकपि, प्रिन्टर, कम्प्युटर, फ्याक्स मेसिन तथा यु.पि.एस. जस्ता मेशिनरी मर्मत सेवा
३. रेफ्रिजेरेटर, पङ्खा, कुलर, टेलिफोन तथा सि.सि.टि.भी. क्यामेरा मर्मत सेवा
४. स्यानिटरी तथा प्लम्बिङ्ग सेवाहरु
५. लिफ्ट मर्मत सेवा
६. विभिन्न सवारी साधनहरु मर्मत सेवा
७. जेनेरेटर मर्मत सेवा
८. सरसफाई सेवा
९. फर्निचरहरु मर्मत सेवा
१०. विज्ञापन/सूचना प्रकाशन सम्बन्धी
११. बिभिन्न किसिमका डकुमेन्ट्री निर्माण
१२. सानातिना निर्माण, रंगरोगन तथा मर्मत सम्भार सेवा
१३. वेभसाइट तथा सफ्टवेयर डिजाइन, निर्माण र मर्मत सेवा
१४. श्रव्यदृष्य सामग्री निर्माण
१५. बिभिन्न प्रकृतिका अध्ययन सम्बन्धी परामर्श सेवा

**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८(१) बमोजिम अनुसूची—२क मा तोकिएको ढाँचाको निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. फर्म दर्ता/व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. मू.अ.कर र प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । मू.अ.करमा दर्ता हुनु नपर्नेको हकमा सो सम्बन्धी आधिकारिक प्रमाणको प्रतिलिपि।
३. आ.व. ०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि।
४. कुनै सामान आपूर्ति वा सेवा दिने कार्यको लागि व्यावसायिक इजाजत पत्र आवश्यक भएमा सो को प्रतिलिपि ।

**सर्तहरु**

क) आफ्नो फर्मले जुन कार्य गर्न वा सामान आपूर्ति वा सेवा दिने इजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूची दर्ता गराउन सकिनेछ ।

ख) आवश्यक कागजात संलग्न नभएका निवेदन उपर कुनै कारबाही हुने छैन ।

ग) प्राप्त निवेदनलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार आयोगमा निहित रहनेछ ।